जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३२६ • २०८२ भदौं २९ गते आईतवार • 14 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
Our Running Programmes
Computer Class & English Language
Coaching Class
Tuition Class
Entrance Preparation
Bridge Course
-Science
-Management
-CMAT Preparation

9854025530 / 9824885783

## जनकपुरधाममा आन्दोलनका कारण ध्वस्त भएका प्रहरी चौकीहरू पुन: सञ्चालनमा ल्याउन सरसफाई सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौं**



मुलुकले अन्तरिम प्रधानमन्त्री पाएसँगै देशभरको जनजीवन सामान्य हुँदै गएको छ । सोही क्रममा मधेस प्रदेशको राजधानी जनकपुरधाममा पनि अवस्था सामान्यीकरण हुँदै गएको छ । जेनजी आन्दोलनका क्रममा जलेर खरानी भएका विभिन्न प्रहरी चौकी पुन: सञ्चालनको प्रक्रिया सुरु भएको छ ।

शनिबार विभिन्न चोकमा स्थानीयवासीले ध्वस्त प्रहरी चौकी सरसफाइ गरी पुन: सञ्चालनमा ल्याउने काम थालेका हुन् । जेनजी पुस्ताको आन्दोलनमा हिंसक समूहले प्रहरी चौकीमा लुटपाटसहित आगजनी गरेर ठुलो क्षति पुर्याएका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालय जनकपुरधाम पुन: सञ्चालन गर्ने तयारी सुरु भएको छ । ट्राफिक प्रहरी कार्यालय जनकपुरधामका प्रमुख सूर्यबहादुर शाहीका अनुसार बिहानैदेखि स्थानीय युवाले सरसफाइमा सहयोग गरेका छन् । उपमहानगरपालिकाबाट दमकल मगाएर पूर्ण सरसफाइ गरिएको उनले जानकारी दिए । उनले भने, 'तत्काल सञ्चालनका लागि प्रयास थालेका छौँ । कार्यालयमा आगजनीका कारण पाँच करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ । अब पुन:निर्माणका लागि सरकारी तथा स्थानीयवासी दुवैको सहयोग आवश्यक छ ।

कार्यालयका करिब ३५ जना कर्मचारी आफन्तकहाँ बस्न बाध्य भएका छन् । सबैको सहयोग अपरिहार्य छ ।' प्रमुख शाहीका अनुसार प्रहरीसँग रहेका ड्रेस, मोटरसाइकल, गाडी सबै जलेर नष्ट भएका छन् । 'कमसे कम अरु चिज पछि भए पनि हुन्छ, तर ड्रेस तत्काल आवश्यक छ । कार्यालय सञ्चालन सुरु गरेका छौँ तर पूर्ण रूपमा व्यवस्थित गर्न अझै समय लाग्छ,' उनले भने । ट्राफिक प्रहरी कार्यालयमा राखिएका दुई वटा चारचक्के गाडी र करिब दुई दर्जन मोटरसाइकल जलेर खरानी भएका छन् । यस्तै, जनकपुरधाम उपमहानगरपालिका-१ स्थित स्टेशन प्रहरी चौकीलाई पनि आज बिहान स्थानीयले सरसफाइ गर्दै पुन: सञ्चालनको काम थालेका छन् । चौकीका इन्चार्ज संजय तामाङका अनुसार तत्काल पूर्ण रूपमा सञ्चालनमा आउन समय लाग्ने भए पनि स्थानीयले सहयोग गरेका छन् । पुन:निर्माणका लागि स्थानीय मोनास्टिक स्कुलले सहयोग गर्ने प्रतिबद्धता जनाएको तामाङले जानकारी दिए । चौकी पूर्ण रूपमा क्षतिग्रस्त भएको उनको भनाइ छ । उनका अनुसार चौकी परिसरमा रहेका करिब एक दर्जन चारचक्के गाडी र दुई दर्जन मोटरसाइकल जलेर नष्ट भएका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी तथा प्रवक्ता वरुणबहादुर सिंहका अनुसार जिल्लाभरि भएको क्षतिको यकिन विवरण अझै संकलन भइरहेकाले कति क्षति भयो भन्नेबारे ठ्याक्कै भन्न सक्ने अवस्था छैन ।

उनले भने, 'आजदेखि आठ वटा प्रहरी चौकीमा इन्चार्जसहित टोली फर्किसकेका छन् । ती चौकी आजदेखि सञ्चालनमा आएका छन् ।'

## मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीसँगै समर्थन फिर्ता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ भदौं**




मधेश प्रदेश सरकारको नेतृत्वमा अहिलेसम्म जनमत पार्टी आधिकारिक रुपमा कायम छ । जेनजीको आन्दोलन चर्केपछि भदौ २४ जनमतका अध्यक्ष डा. सिके राउतको निर्देशनमा मुख्यमन्त्री सतिशकुमार सिंहले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरे ।

यद्यपि उनले मधेश प्रदेश प्रमुखको कार्यालयमा लिखित राजिनामा बुझाएका छैनन् । राजीनामाको चार दिनपछि अनलाइनखबरले खबर सार्वजनिक गरेपछि मुख्यमन्त्रीले सञ्चारकर्मीलाई आफूले राजीनामा नदिने बताए । यसको चर्को आलोचना हुन थालेपछि जनमतको संसदीय दलले प्रदेश प्रमुखको कार्यालयलाई एउटा पत्र पठाएर मुख्यमन्त्री र मन्त्री फिर्तासहित समर्थन फिर्ता लिएको जानकारी गराएको छ । जनमत संसदीय दलका नेता महेश प्रसाद यादवले आज प्रदेश प्रमुख कार्यालयमा पठाएको पत्रमा उल्लेख छ, 'विषय- समर्थन फिर्तासहित मुख्यमन्त्री/मन्त्री फिर्ता बोलाइएको सम्बन्धमा' अगाडि लेखिएको छ 'उपरोक्त सम्बन्धमा हाम्रो दल जनमत पार्टीले सरकारलाई दिइएको समर्थन फिर्ता साथै मुख्यमन्त्री/मन्त्री लाई फिर्ता बोलाइएको जानकारी सहित निवेदन गर्दछौं ।' संसदीय अभ्यासमा यो अनौठो घटना हो । किन भने मुख्यमन्त्रीले राजिनामा दिएको पत्र प्रदेश प्रमुखलाई दिएपछि स्वत: सरकार विघटन हुन्छ । तर नेतृत्व गरेकै दलले यसरी प्रदेश प्रमुखलाई पत्र लेखेको घटना नेपालको संघीयताको अभ्यासमा यो पहिलो हो ।२५ जेठ २०८१ मा बनेको जनमतका सिंह नेतृत्वको सरकारमा हाल जमतको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय समेत छ ।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility

## मधेसको महोत्तरी सहितका प्राचीन मिथिला क्षेत्रमा जितिया पर्व लागे

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ भदौं**



मधेसको महोत्तरी सहितका प्राचीन मिथिला क्षेत्रमा जितिया पर्व लागेको छ । आइतबारको निराहार व्रतअघि सन्तानवती मिथिलानी ( मिथिलाका नारी) आज 'ओगटन' ( दर खाने) बन्दोबस्त जुटाउँदै छन् । यो पर्व हिन्दू मैथिल परम्पराको हो ।

प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष (असोज कृष्णपक्ष) को अष्टमी तिथिका दिन सन्तानको कल्याण कामनाका साथ गरिने यो पर्व आइतबार हो । व्रतअघिको रात 'ओगटन' खाने चलन छ । 'ओगटन' मा दहीचिउरा र मिष्ठान्न परिकारसहितका सात्विक भोजन गरिन्छ । पर्वमा चोखा नयाँ वस्त्र परिधान लगाइने हुँदा र 'ओगटन' का सामग्री जुटाउन मिथिलानीको व्यस्तता छ । एक अहोरात्रको जितिया व्रत भोलिपल्ट नवमी तिथि एक घडी कटाएर समापन गरिने चलन रहेको व्रतको तयारीमा रहेकी भङ्गाहा-५ राजपुरकी हरिप्रिया कुशवाहा बताउँछिन् । मिथिलामा विद्यापति पञ्चाङ्ग र मिथिला पञ्चाङ्गका आधारमा तीर्थव्रतको टुङ्गो गरिने परम्परा छ । यसअनुसार यसपालिको जितिया समापन सोमबार बिहान ७ बजे हुने हिन्दू परम्पराको मैथिल कर्मकाण्डका ज्ञाता राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झाको भनाइ छ ।

जितिया व्रत सन्तानको सुख, समृद्धि र सौर्यवृद्धिको कामना सहित आमाहरूले गर्ने पर्व हो । मिथिला क्षेत्रका सबै जातजाति समुदायमा यो पर्व परम्परा भए पनि थारूहरू यसलाई विशेष महत्वका साथ मनाउँछन् । पितृपक्षको यो पर्वमा व्रतालु महिलाले एक दिनअघि अर्थात् सप्तमी तिथिका दिन एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गर्छन् । यसैक्रममा व्रतालुले दिवङ्गत सासू, जेठानी-देउरानी, बूढीसासू, नन्द-आमाजू, माइतीपक्षका तीन पुस्ताभित्रका आमा, बज्यै, दिव र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिन्छन् । यी पितृहरूसँग 'तिमी आफ्ना पौत्रपौत्री (नातिनातिना), प्रपौत्रप्रपौत्री ( पनातिपनातिनी) र उनका सन्तानको कल्याण गर' भन्ने कामना गरिन्छ ।

यो पर्वमा व्रतालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी हउन् भन्ने कामना गर्छन् । अघि द्वापरयुगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरूप) ले आफ्नो आर्जित तपशक्तिबाट बचाइ दिएको पौराणिक कथाको आधारमा द्वापर युगदेखि यो कठोर व्रत बस्ने परम्परा चलेको मैथिल जनविश्वास छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

# स्रोत नखुलेको भारतीय रकमसहित दुई जना सशस्त्र प्रहरीद्वारा पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ भदौं**



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाबाट शुक्रबार स्रोत नखुलेको भारतीय रकमसहित दुई जनालाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ ।

यसरी पक्राउ पर्नेमा एक जना नेपाली तथा एक जना भारतीय नागरिक रहेको जनाइएको छ । निषेधाज्ञाको समयमा भारतबाट नेपाल तर्फ आइरहेको बेला शङ्काको आधारमा सशस्त्र प्रहरीले चेकजाँच गर्दा दुई जनालाई स्रोत खुल्न नसकेको अवैध भारतीय रुपियाँसहित पक्राउ गरेको हो । यसरी पक्राउ पर्नेमा जलेश्वर नगरपालिका वडानं. १२ बस्ने वर्ष ५२ को विजय भन्ने विमलकुमार चौधरी तथा भारतको सितामढी सुरसण्ड वस्ने वर्ष ४६ को मनोज साह रहेको जनाइएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण हेडक्वार्टर महोत्तरीका सुचना अधिकारी अशोक वमले जलेश्वर नगरपालिका वडानं. ३ को रातो पुल नजिक भारतबाट नेपाल आइरहेको बखत शङ्काको आधारमा चेकजाँच गर्दा दुई जनालाई नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । उहाँले शङ्काको आधारमा दुई जनालाई भारतीय ६-७ लाख रुपियाँसहित नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको बताउनुहुँदै भन्नुभयो, "हामी बुझ्दैछौं, उनीहरूकै रकम हो कि अरूको हो ? रकमको श्रोत के हो ? थप बुझेर जानकारी गराउँछौं ।" उनीहरूलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय महोत्तरीलाई बुझाएको जानकारी दिनुभयो । यस विषयमा जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी शैलेन्द्रकुमार भट्टसँग सोध्दा उहाँले एक जनालाई हाम्रो कस्टडीमा छाडिएको छ तर थप जानकारी आफुसँग नभएको बताउनुभयो ।

स्थानीयवासीहरूले सशस्त्र प्रहरीले दुई जनालाई बढी रकमसहित पक्राउ गरे पनि बार्गेनिङ गर्नका लागि थोरै रकम देखाएको आरोप लगाएका छन् ।




# फोहोर व्यवस्थापन गर्न जरुरी

*फोहोर व्यवस्थापन स्थिर होइन बरु वातावरणीय संरक्षण, स्रोतको पुनर्प्राप्ति र सार्वजनिक स्वास्थ्य सुधार गर्न निरन्तर प्रविधिको नवप्रवर्तनद्वारा प्रेरित गतिशील क्षेत्र रहेको छ । यो विगतका चुनौती र नियमको माग अनुसार विकसित हुँदै जान्छ । शिक्षा, सुविधाजनक सङ्कलन प्रणाली र आर्थिक प्रोत्साहनले फोहोरको पृथकीकरण र पुनर्चक्रण दर सुधार्न महत्वपूर्ण भूमिका खेल्छन् । सार्वजनिक स्वास्थ्य र वातावरणको सुरक्षा गर्न खतरनाक फोहोरका निम्ति विशेष उपचार, विसर्जन प्रविधि र पुनर्प्रशोधन आवश्यक हुन्छ । भविष्यमा ल्यान्डफिल क्षमताको सीमितता, फोहोरका सुविधाको सार्वजनिक स्वीकृति र फोहोर रोकथाम संस्कृतिको आवश्यकता जस्ता चुनौती जारी रहने छन् ।*

*साथमा उत्पादन पुनर्डिजाइन, प्रणालीगत विघटन र स्रोतको उन्नत पुनर्प्राप्तिका प्रविधिमा अवसर पनि रहेको छ । फोहोर व्यवस्थापन एक जटिल र गतिशील क्षेत्र हो, जसले प्राविधिक नवप्रवर्तन, नियामक संरचना, वातावरणीय संरक्षण र सामाजिक सहभागिताबिच सन्तुलन कायम गर्दै वर्तमान र भविष्यका पुस्ताका लागि दिगो र प्रभावकारी फोहोर व्यवस्थापन सुनिश्चित गर्नुपर्छ । दिगो र प्रभावकारी समाधान विकास र कार्यान्वयन गरेर फोहोरबाट जनस्वास्थ्य र वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव कम गर्दै मानवकल्याण र जीवनको गुणस्तर सुधार गर्न सरकार, उद्योग, वैज्ञानिक, इन्जिनियर र जनताको सहकार्य जरुरी रहेको देखिन्छ ।*





अनुरोधकर्ता
एकडारा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


# वरिष्ठ पत्रकार झाका पिता राजेन्द्र झाको निधन



**प्रेमचन्द्र झा**
**बिरगंज, २८ भदौं**

वरिष्ठ पत्रकार चन्द्रकिशोर झाका पिता तथा नेपाल सरकारका पूर्व राष्ट्रसेवक राजेन्द्र झाको ९२ वर्षको उमेरमा निधन भएको छ। सर्लाहीको बलरा नगरपालिका वडा नम्बर ४ निवासी झाको शनिबार विहान ११:३६ बजे विरगंज स्थित बलराधाममा असामयिक निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

मुत्ररोगका कारण अस्वस्थ स्व. झा लामो समयसम्म नेपाल सरकार स्वास्थ्य सेवा विभागमा अधिकृत स्तरमा राष्ट्रसेवकको रूपमा योगदान दिएका थिए । उनको निधनले झा परिवार सहित समग्र समाजमा शोकको वातावरण छाएको छ । स्व. झाको आत्माको चिर शान्तिको कामना गर्दै भगवान पशुपतिनाथसँग प्रार्थना गरिँदैछ। यस दुःखद घडीमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ। वहाँको एक श्रीमति,तीन छोरा र दुई जना छोरी रहनु भएको छ।१२ जना नाति नातिना रहेका छन । पांच जना सन्तान मध्ये वरिष्ठ पत्रकार झा सब भन्दा जेठो हुनु हुन्छ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पिछडेको साथी मिल्ने
मिथुन: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: खानपानमा समस्या आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: विचार गरेर बोल्नुहोला
मकर: अशुभ समाचार प्राप्त हुने
कुम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा नेपालमा सुशीला कार्की प्रधानमन्त्री नियुक्त हुनु महिला सशक्तीकरणको उदाहरण



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौं**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा सुशीला कार्की प्रधानमन्त्री नियुक्त हुनु महिला सशक्तीकरणको उदाहरण भएको बताएका छन्। मणिपुरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री मोदीले नेपालका समकक्षी कार्कीलाई बधाइ दिएका छन्। 'मलाई विश्वास छ नेपालमा शान्ति, स्थिरता र समृद्धिको मार्ग प्रशस्त गर्नु हुनेछ। नेपालको पहिलो महिला प्रधानमन्त्रीका रुपमा सुशीलाजी आउनु महिला सशक्तीकरणको महत्वपूर्ण उदाहरण हो,' मोदीले भनेका छन्, 'आज नेपालका यस्ता हरेक व्यक्तिको सह्राना गर्छु जसले यो अस्थिरताको माहोलमा पनि लोकतान्त्रिक मूल्यलाई सर्वोपरी राखेका छन्।' जेनजी प्रदर्शनपछि क्षतिग्रस्त संरचनाहरू सरसफाइबारे पनि मोदीले बोलेका छन्। उनले यस्तो दृश्यलाई नयाँ नेपाल निर्माणको संकेत भनेका छन्। 'पछिल्लो दुई तीन दिनदेखि नेपालका युवक युवती सडकको सफाइ र रंगरोगनको काम पवित्र भावना र मिहेनतका साथ गरिरहेका छन्। सामाजिक सञ्जालमा आइरहेको उनीहरूको तस्वीर मैले पनि देखेको छु,' मोदीले भनेका छन्, 'यो सकारात्मक सोच, सकारात्मक कार्य प्रेरणादायक मात्र छैन, नेपाल नवउदयको स्पष्ट संकेत पनि हो। म नेपालको उज्वल भविष्यका लागि शुभकामना दिन्छु।'

# देशभरि छोटो तथा लामो दूरीको सार्वजनिक यातायात ठप्प



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौं**

देशभरि उत्पन्न पछिल्लो परिस्थितिबीच छोटो तथा लामो दूरीको सार्वजनिक यातायात ठप्प छ। सरकार विहीनताको यो अवस्थामा आफ्नो गुनासो कसलाई सुनाउने भन्नेमा स्वयं व्यवसायी अन्योलमा छन्।

राष्ट्रिय यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला भन्छन्, 'हामीसँग आजसम्म कुनै पनि निकायले छलफलका लागि अग्रसरता लिएको छैन, हामी प्रतीक्षामा छौं।' सार्वजनिक यातायात चल्न नसक्दा अहिले यात्रु भने मारमा छन्। बुधबार साँझदेखि हवाई यातायात सञ्चालनमा आए पनि सडक यातायातको टुंगो छैन।

सुरक्षा कारण देखाउँदै यातायात व्यवसायीले मंगलबारदेखि अनिश्चितकालका लागि सवारी बन्द गरेका हुन्। आन्दोलनका बेला विभिन्न स्थानमा सार्वजनिक तथा निजी सवारीसाधनमा तोडफोड भएको छ। यस्तो अवस्थामा राज्यले सुरक्षाको ग्यारेन्टी नदिएसम्म सवारीसाधन चलाउन नसक्ने उनले बताए। सार्वजनिक यातायात सञ्चालन अनिश्चिततासँगै नजिकिएको दशैंलाई अग्रिम टिकट बुकिङको तयारी समेत प्रभावित बनेको छ। 'यो बेला कोसँग बसेर के सल्लाह गर्ने भन्ने नै टुंगो भएन,' सिटौला भन्छन्, 'यस्तो अवस्थामा हामी नै अन्योलमा छौं।'

यद्यपि, राज्यले चाहेको अवस्थामा जुनसुकै योगदान गर्न व्यवसायी तयार रहेको उनले बताए। 'सुरक्षाको ग्यारेन्टी हुन्छ भने जनता र राज्यको सेवामा खटिन हामी सधैं तयार छौं,' उनले भने। अहिले नेपाली सेनाले काठमाडौं सहित सडकमा यातायातमा कडाइ गरिहेको छ। अत्यावश्यक सेवाका सवारीले मात्र निर्बाध आवतजावत अनुमति पाएका छन्। उता, केही भन्सार नाकाबाट ग्यास बुलेट सहित सवारीसाधन भने नेपाल भित्रिन थालेका छन्।

# सरकारी सेवा आइतबारबाट सुचारु गरिने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौं**



आन्दोलनपछि कर्फ्यू र निषेधाज्ञा लागेका कारण रोकिएका सरकारी सेवा भोलि आइतबारबाट सुचारु गरिने भएको छ। विद्यालहरू पनि खोल्ने तयारी छ। शनिबारबाट स्थिति सामान्यतर्फ गएकाले अब सेवा अघि बढाउन लागिएको हो।

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले शुक्रबारै अब सेवा अघि बढाउनेबारे ७५३ वटै पालिकाहरूलाई सर्कुलर जारी गरेको छ। मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीका अनुसार सेवा सञ्चालन गर्न सबैलाई निर्देशन दिइसकिएको छ। 'क्षति भएका कार्यालयहरूलाई वैकल्पिक स्थान खोजेर अत्यावश्यक सेवा अघि बढाउन भनिएको छ' प्रवक्ता पराजुलीले अनलाइनखबरसँग भने, 'क्षति नभएका कार्यालयहरूले त सहज रूपमा सञ्जालन गर्न सकिने अवस्था छ।' उनका अनुसार सिंहदरबारभित्रका कार्यालयहरू पनि वैकल्पिक व्यस्थापन गरेर काम गरिने छ। स्थानीय तह र जिल्ला प्रशासनबाट सबैभन्दा धेरै स्थानीयका सेवाहरू सञ्चालन हुने गरेका छन्। सर्वसाधारणका अत्यावश्यक कामहरू रोकिएका थिए।

प्रवक्ता पराजुलीका अनुसार क्षतिग्रस्त कार्यालयहरुको विवरण पनि संकलन गरेर पठाउन भनिएको छ। आन्दोलनका कारण केही दिन रोकिएका विद्यालयहरू पनि अब खोल्न तयारी छ। शिक्षा मन्त्रालयका सूचना अधिकारी एवं उपसचिव मधुप्रसाद घिमिरेका अनुसार, स्थिति सामान्य भएकाले आइतबारदेखि नै विद्यालयहरू खोल्ने तयारी छ।

विद्यालय स्थानीय तहमा अन्तर्गत पर्ने भएकाले सम्बन्धित पालिकाहरूले स्थिति अनुसार विद्यालयलाई जानकारी गराउने छन्। उनी भन्छन्, 'सम्बन्धित स्थानीय तहले अवस्था हेरेर विद्यालयहरू सञ्चालन गर्ने कुरा छ, धेरैजसो ठाँउमा आइतबारदेखि स्कूल खुल्ने तयारी भएको सूचना पाएका छौं।'

# ८ वटा राजनीतिक दलहरूले भने प्रतिनिधिसभा विघटनलाई असंवैधानिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ भदौं**



विघटित प्रतिनिधिसभाका ८ वटा राजनीतिक दलहरूले प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भनेका छन्।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनलाई संविधानमाथिको प्रहार भनेका छन्। 'यस्तो कार्यले नेपाली जनताको मताधिकारको अवमूल्यन गर्नुका साथै संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार गरेको छ,' जारी विज्ञप्तिमा उल्लेख छ। शुक्रबार नवनयुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए।

८ वटा राजनीतिक दलहरूले भने विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा पुनर्स्थापनाको माग गरेका छन्। विज्ञप्तिमा भनिएको छ, 'प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिइ तत्काल संसदको बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं।'






# खण्डहरको छेउमा उभिएर

-डा. अमर गिरी



-नेपालमा भएको आन्दोलनमा जेन-जी पुस्ताको भूमिका रहेको छ, जसले राजनीतिक सुधार र परिवर्तनको माग गरेको छ । आन्दोलनको क्रममा सरकारी भवनहरूमा क्षति पुगेको छ, जसले देशलाई ठूलो क्षति पुऱ्याएको छ । लेखकले देशको नेतृत्वको कमजोरी र नैतिक मूल्यको क्षयलाई दोष दिएका छन्, जसले गर्दा यस्तो अवस्था आएको हो। नेपालको राजनीति कसरी अघि बढ्छ यसै भन्न सकिन्न।

जेन-जी पुस्ताले गरेको आन्दोलनका कारण निर्मित परिस्थिति सजिलो छैन। अन्तरिम प्रधानमन्त्री नियुक्त हुनुभएको छ। प्रतिनिधिसभा विघटन गरिएको छ र फागुनमा प्रतिनिधिसभाको निर्वाचन हुने भएको छ, तर ठुलो सङ्घर्ष र बलिदानपछि प्राप्त राजनीतिक उपलब्धि गुम्ने हुन् कि भन्ने चिन्ता मलाई जस्तै धेरैलाई छ । लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, वर्तमान संविधानको विकल्प अझ समृद्ध संविधान हो, पछिल्तिर फर्किनु होइन । यस्तो आन्दोलन हुन सक्छ भनेर अलि पहिलेदेखि भन्दै आइएको थियो । अकारण यसो भनिएको थिएन । मूल्यहीन राजनीति, आदर्शच्युत शासक, पार्टी आन्दोलनमा कमजोर बनेको आलोचनात्मक विवेक, अनैतिक र सुविधाभोगी चरित्र, बढ्दो बेरोजगारी, मौलाउँदो भ्रष्टाचार र कुशासन यसो भन्नुका कारण थिए। बङ्गलादेश र श्रीलङ्काका घटना अगाडि थिए । हामी आक्रोशको ज्वालामुखीमाथि थियौँ। सामाजिक सञ्जाल बन्द गर्ने विवेकहीन निर्णयका कारण आक्रोशको ज्वालामुखी फुट्यो । मुलुकमा नयाँ राजनीतिक परिस्थितिको निर्माण भयो।

जेन-जी आन्दोलन हाम्रा निम्ति नयाँ थियो । उनीहरूले बेरोजगारी, भ्रष्टाचार र कुशासनका विरुद्ध आन्दोलन गर्दै छन् भन्ने सरकारलाई थाहा थियो, तर उसले उनीहरूलाई पत्याएन । उल्टै सामाजिक सञ्जाल बन्द गऱ्यो । यसको परिणाम के हुन सक्छ भनेर ख्यालै गरिएन। खोल्न आग्रह गर्दा पनि अराजकता र नियम-कानुन नमान्ने कुरा सत्य हुँदैन मात्र भनिएन, राष्ट्रवादको कुरा पनि गरियो । बेरोजगारी, भ्रष्टाचार र कुशासनले पीडित र व्यथित जेन-जी यसबाट आगो भए । सामाजिक सञ्जाल आफूलाई व्यक्त गर्ने मुक्त आकाश हो । युवाहरू यसमा आलोचना गर्छन्, आक्रोश व्यक्त गर्छन्, घृणा ओकल्छन्, खबरदारी गर्छन्, सपना देख्छन्, रुन्छन्, हाँस्छन्, गाउँछन्, सुख-दुःख बाँड्छन् । ती राजक-अराजक, शिष्ट-अशिष्ट दुवै हुन्छन् । यसलाई बन्द होइन, नियमन गर्नुपर्छ । बाटो बिराउँदा बाटो देखाउनुपर्छ । तर कुनै पनि बहानामा उनीहरू उड्ने आकाश खोस्नु हुँदैन। सरकारले त्यही आकाश खोस्यो । सामाजिक सञ्जालका कम्पनी दर्ता हुन नआएको कारण देखायो। यसो गर्नु आवश्यक थिएन । यससम्बन्धी कानुन निर्माण गरेर अघि बढ्न सकिन्थ्यो, तर यो बाटो रोजिएन। ठुला र चर्का कुरा गरियो, यसले आगोमा घिउ थप्ने काम गऱ्यो । आन्दोलनमाथिको चरम दमनले आक्रोश र घृणालाई बढायो । एकै दिन दुई दर्जनभन्दा बढीको ज्यान जानु र सयौँ घाइते हुनु सामान्य घटना थिएन। यसले विध्वंशका निम्ति आधार निर्माण गऱ्यो । हाम्राअगाडि अहिले विध्वंशको हृदयविदारक तस्बिर छ। मारिएका र घाइते परिवारका आँसु र सुस्केरा छन् । सुरक्षामा खटिएकाहरूको गम्भीर कमजोरी र आन्दोलनमा निहित उद्देश्य राखेर घुसेकाहरूले जेन-जीको शान्तिपूर्ण आन्दोलनलाई विध्वंशको दिशातिर मोडिदिए। हाम्रा अगाडि अकल्पनीय त्रासदी घट्यो। बङ्गलादेश र श्रीलङ्काका घटना अगाडि थिए। हामी आक्रोशको ज्वालामुखीमाथि थियौँ। सामाजिक सञ्जाल बन्द गर्ने विवेकहीन निर्णयका कारण आक्रोशको ज्वालामुखी फुट्यो । मुलुकमा नयाँ राजनीतिक परिस्थितिको निर्माण भयो।

डिजिटल प्रविधिसँग खेल्दै हुर्किएको जेन-जी पुस्ता हामीले सोचेभन्दा संवेदनशील छ । यस पुस्ताका भावना, सोचाइ र अनुभूति फराकिला र गहिरा छन्; देश, समाज र जीवनप्रति प्रेम छ; स्वतन्त्रता, समानता, न्यायप्रति गहिरो प्रतिबद्धता छ; लोकतन्त्र र मानव अधिकारप्रति सचेत छन्; विभेदप्रति आलोचनात्मक छन्। आफ्नो र मुलुकको भविष्यप्रति गम्भीर छन्। वैश्विक सरोकार छ। डिजिटल प्रविधि र वैश्विक सम्पर्कले उनीहरूको सामर्थ्यलाई बढाएको छ । सामाजिक सञ्जाल अराजकता, घृणा, आक्रोश पोख्ने ठाउँभन्दा बढी सिर्जनात्मक थलोका रूपमा रहेका छन्। जेन-जीमा कमजोरी पनि छन् । यसमा सस्तो भावुकता, अराजकता लगायत मनोवैज्ञानिक समस्या पाउन सकिन्छ। यस्ता समस्या परिवार र आजको आर्थिक, सामाजिक, सांस्कृतिक संरचनासँग पनि जोडिएका छन् । पपुलिजम्ले उनीहरूको चेतना पनि प्रभावित छ । उपभोक्तावादले निर्माण गरेको मनोविज्ञानबाट उनीहरू पनि प्रभावित छन्। २०२४ को अमेरिकी निर्वाचनमा यस पुस्ताको ठुलो सङ्ख्याले दक्षिणपन्थलाई रुचाएको देखिनेछ। यस्तो स्थिति अन्य मुलुकमा पनि छ, तर समग्रमा यो पुस्ता उदार, आलोचनात्मक, संवेदनशील, मानवता, लोकतन्त्र एवं मानवीय मूल्यप्रति गम्भीर र प्रतिबद्ध पाइन्छ।

जेन-जी विश्वका विभिन्न मुलुकमा सक्रिय छन्। उनीहरूको सरोकार र सक्रियताको फलक विस्तृत छ। यस पुस्ताले अमेरिका, युरोप, अफ्रिका, एसियामा विभिन्न विषयलाई उठाएर महत्त्वपूर्ण आन्दोलन गरेको छ। सन् २०१९ मा स्विडेनकी ग्रेटा थुनबर्गले जलवायु परिवर्तनको मुद्दामा विश्वव्यापी विरोध प्रदर्शनको आह्वान गरिन् । यस आह्वानका कारण वैश्विक रूपमा हडताल भए। जेन-जीको अगुवाइमा भएको यस आन्दोलनको महत्त्वपूर्ण प्रभाव पऱ्यो । सन् २०२० मा अमेरिकामा चलेको 'ब्ल्याक लाइभ्स म्याटर' आन्दोलनमा यस पुस्ताको सक्रिय सहभागिता थियो। पछिल्लो समयमा हङकङमा भएको लोकतान्त्रिक आन्दोलन, 'मि-टु' आन्दोलन, हिजाबविरोधी आन्दोलनमा यस पुस्ताको सक्रिय सहभागिता र भूमिका रह्यो । सन् २०२४ मा केन्यामा भएको कर वृद्धिको विरोधमा यस पुस्ताले महत्त्वपूर्ण भूमिका खेल्यो। यो पुस्ताले प्यालेस्टाइनको समर्थन र इजरायलको विरोधमा पनि आफूलाई उभ्याएको छ।

साभार : रातोपाटी।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश










अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday